**मिति २०८२।०७।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को पाँचौं नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं. १** आ.व.२०८२/०८३ को लागि गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि मिति २०८२।०६।२८ गते प्रकाशित सूचना बमोजिम गैंडाकोट नगरपालिकाको तर्फबाट कृषिजन्य उत्पादन प्रवर्द्धनको लागि वडा नं. १२ मा रहेको मालपुर टोल, तिरबाध सिमसार क्षेत्र संरक्षण सहित जल आधारित कृषिजन्य उत्पादनको प्रस्ताव तयार गरी मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरामा पठाउने र उक्त कार्यक्रम सम्पन्न गर्न आवश्यक पर्ने लागत साझेदारी बराबरको रकम नगरको आन्तरिक श्रोत बाट व्यवस्थापन गर्ने तथा कार्यक्रम कार्यन्वयनको चरणमा सम्पर्क व्यक्तिको रुपमा कृषि विकास शाखामा कार्यरत कर्मचारी श्री राजु प्रसाद शर्मालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने, नगरपालिका स्थापना देखि २०७४ साल भन्दा अगाडीका निर्माण सम्पन्न भएका भवन तथा घरहरुको अभिलेखीकरण गर्न ६० (साठी) दिनको सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३** नगर कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,उक्त कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| सि .न. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौताबमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | Construction of 15 bed Hospital at Gaindakot municipality ward no.11 Pitaujighat, Nawalpur (East) | 04/GM/NCB/2077-078 | Dragon Construction Pvt. Ltd. | 31th Ashoj 2082 | 20th Ashar 2083 |
| 2 | Construction of office building of ward no.16 Gaindakot municipality , Nawalpur (East | 18/GM/NCB/2081-082 | Rove Construction & Engineering Pvt. Ltd. | 10th Push 2082 | 29th Fagun 2082 |

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका भित्र कार्यक्षेत्र रहेका विभिन्न संघ,संस्था एवं सम्बन्धित वडाको समेत सिफारिस भई रकम माग भएकोले तत्कालको आवश्यकता र औचित्यको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गर्ने निर्णय गरियो ।

1. कालिका फेदी नौमती बाजा समुह गैंडाकोट-१ लाई रु. १ लाख
2. गैंडाकोट-७ का लिला बहादुर दराईको गोठ आगलागीबाट भएको क्षतिलाई रु. १५ हजार
3. श्री जन जागृति आ.वि.गैंडाकोट-३ को ५३ बार्षिक उत्सबको उपलक्ष्यमा निर्माण हुने सरस्वती मन्दिर निर्माणको लागि रु. ३० हजार
4. नेपाल मगर संघ गैंडाकोट नगर समितिलाई रु.३० हजार
5. ईलाका प्रहरी कार्यालय गैंडाकोटको भवन निर्माणको लागि रु.४ लाख

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ५** आ.व. २०८२/०८३ को विनियोजित बजेट अनुसार आयोजना तथा कार्यक्रमहरुलाई मिति २०८२ साल भदौ २४ गते जेन्जी (Gen Z) पुस्ताको आयोजनामा भएको आन्दोलनका क्रममा गैंडाकोट नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयमा भएको आगजनी, तोर्डफोर्ड तथा लुटपाट भए पश्चात कार्यालयको पुनःनिर्माण गर्ने प्रयोजनका लागि विकास बजेट तर्फको प्रत्येक वडाहरुले ५/५ लाख बजेटका योजना तथा कार्यक्रमहरु वडाबाट सिफारिस भई आए बमोजिम र नगरस्तरीय शाखागत रुपमा १० प्रतिशत बराबरको योजना तथा कार्यक्रमहरुको बजेटलाई चालू आ.व.मा कटौती गरी कार्यालयको पुनःनिर्माण तथा कार्य सञ्चालनमा प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. २ स्थित शिलन्यास चोक हुँदै वडा नं. १ को ब्रिटिश क्याम्प जाने बाटोलाई स्थानीय सडकमा समावेश गर्न आगामी नगर सभामा पेश तथा निर्णय गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७** मिति २०८२ साल भदौ २४ गते जेन्जी (Gen Z) पुस्ताको आयोजनामा भएको आन्दोलनका क्रममा गैंडाकोट नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालय एवं शाखामा भएको आगजनी, तोर्डफोर्ड तथा लुटपाट हुँदा उक्त समयमा राजश्व शाखाको काउन्टरको घरामा रहेको रकम रु. ७५,४२० /- (अक्षरुपी रु. पचहत्तर हजार चार सय बीस रुपैंया) लुटपाट र आगजनी भएकोले उक्त रकम बैंक दाखिला गरी स्थानीय तहको राजश्व संकलन मोडयुल शुत्र प्रणालीमा हिसाब मिलान गर्न नगरपालिकाको चालू अ.व. को अन्य संस्था सहायता शिर्षकबाट सो बराबरको रकम राजश्व शाखा प्रमुख श्री भवानी सिग्देललाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको शाखा / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार आ.व.२०८२/०८३ को लागि देहाय बमोजिमका शिर्षकमा योजनाको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| नगर | निःशुल्क शिक्षा व्यवस्थापन प्रोत्साहन सहयोग (क्र.सं.७७५) मध्येबाट | रु.१५,००,०००/- | जिल्लास्तरीय राष्ट्रपति रनिङग शिल्ड प्रतियोगिता | रु.१०,००,०००/- |

**निर्णय नं. ९** जेन्जी (Gen Z) पुस्ताको आन्दोलनका क्रममा गैंडाकोट नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालय एवं शाखामा भएको आगजनी, तोर्डफोर्ड तथा लुटपाटमा संलग्न व्यक्ति उपर उक्त घटनासंग सम्बन्धित फोटो, कार्यालयसंग भएका भिडियो एवं विभिन्न सामाजिक सञ्जालमा सेयर भएका भिडियो फुटेज लगायत आवश्यक प्रमाणका आधारमा यथाशिघ्र छानविन गरी कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उजुरी निवेदन पेश गर्ने र उक्त कार्य गर्नको लागि कार्यालयको तर्फबाट न्यायिक सहजकर्ता श्री खिलनाथ घिमिरेलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** आ.ब.२०८२/०८३ को लागि नगर क्षेत्र भित्रका खोलानाला/ नदिहरुका ढुङ्गा, गिट्टी वालुवा तथा रोडाको उत्खनन् तथा संकलन कार्यसञ्चालन दिगो रुपमा बन्दोबस्त गर्नको लागि नारायणी नदी लगायत नगर क्षेत्र भित्रका अन्य नदी तथा खोलाहरुको गत आ.व.मा स्वीकृत भएका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदनलाई अध्यावधिक गर्ने तथा अन्य सम्भावित स्थानहरुको पहिचान गरी प्रारम्भिक वातावरणीय परिक्षण (TEE) गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

गद... ...गत अधिकारी
नगर प्रमुख